# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १८९ | काठमाडौं | शनिबार, १८ कात्तिक २०८० | Prabhab National Daily | Saturday, November 4, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# नेपाल टी–२० विश्वकपमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आइसिसी पुरुष टी-२० विश्वकपमा छनोट छ। शुक्रबार मूलपानी क्रिकेट मैदानमा चीर प्रतिद्वन्द्वी युएईमाथि आठ विकेटको जित हात पार्दै नेपालले विश्वकपमा स्थान सुरक्षित गरेको हो।

नेपालले १० वर्षपछि टी-२० विश्वकपमा छनोट भएको छ। यसअघि सन् २०१४ मा नेपालले विश्वकप खेलेको थियो। त्यसयता टी-२० विश्वकप छनोट हुन सकेको थिएन। शुक्रबारको सफलतासँगै अब नेपालले आगामी वर्ष अमेरिका र वेस्ट इण्डिजमा हुने टी-२० विश्वकपमा खेल्ने पक्का भएको हो।

साथै, नेपाल जारी छनोट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। उपाधिका लागि अब नेपालले ओमानसँग प्रतिस्पर्धा गर्ने छ। ओमानले शुक्रबार नै बहराइनलाई पराजित गर्दै फाइनलमा स्थान बनाउनुका साथै विश्वकपमा छनोट भएको हो।

शुक्रबार जित्नैपर्ने दबाबका साथ युएईविरुद्ध उत्रिएको नेपालले युएईबाट पाएको १३५ रनको लक्ष्य १७.१ ओभरमा मात्र दुई विकेटको क्षतिमा पूरा गऱ्यो। नेपालको जितमा ओपनर आशिफ शेखको अर्धशतकीय योगदान र कुशल मल्लको कसिलो बलिङ महत्त्वपूर्ण रह्यो। आशिफले ५१ बलमा एक छक्का र सात चौकाको सहयोगमा ६४ रन बनाए।

कप्तान रोहित पौडेलले दुई छक्का र दुई चौकाको सहयोगमा ३४ रन बनाए भने गुलशन झाले २२ र कुशल भुर्तेलले ११ रन बनाए। युएईका लागि निलान्स केस्वानी र बसिल हमिदले एक/एक विकेट लिए।

टस जितेर पहिले ब्याटिङ रोजेको युएईले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १३४ रन बनायो। टस जितेर ब्याटिङ गरेको युएई नेपाली स्पिनरहरूसामु खुलेर खेल्न नसकेपछि २० ओभरमा १३४ रनमा समेटिएको थियो। युएईका लागि विकेट किपर वृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाए। उनले ५४ बल खेल्दै दुई छक्का र आठ चौका प्रहार गरे। कप्तान मोहम्मद वासिमले १६ बलमा दुई छक्का र तीन चौकासहित २६ रन बनाए। आसिफ खानले १३, अलिसन सफारुले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्।

नेपालका लागि कुशल मल्लले तीन र सन्दीप लामिछानेले दुई विकेट लिए। साथै सोमपाल कामी र रोहित पौडेलले एक/एक विकेट लिए। दुई ब्याटर रन आउट भए।

(बाँकी पृष्ठ २ मा)

## पुरस्कार रकम निकासा

**काठमाडौं (प्रस)–** नेपाली क्रिकेट टोलीलाई सरकारले उपलब्ध गराउने भनेको प्रोत्साहन पुरस्कारको रकम निकासा भएको छ।

विभिन्न तीनवटा कपमा सहभागी नेपाली क्रिकेट टोलीलाई सरकारले दिने भनेको एक करोड ५७ लाख ५० हजार रूपैयाँ बराबर प्रोत्साहन पुरस्कार निकासा भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले जानकारी दिए।

उनका अनुसार प्रोत्साहन पुरस्कार रकम उपलब्ध गराउनेबारे मन्त्रिपरिषद्ले पहिल्यै निर्णय गरेको भए पनि अर्थ मन्त्रालयले शुक्रबार निकासा गरेको हो। 'मन्त्रालयबाट रकम निकासा भएपछि समस्या हुँदैन। कुनै औपचारिक कार्यक्रमबाट हामीले यो पुरस्कार वितरण गर्नेछौं,' घिसिङले भने। सरकारले दिने भनेको पुरस्कार रकम ढिलै पनि पाउँदा खेलाडी र प्रशिक्षकलाई सकारात्मक ढाडस मिल्ने घिसिङ बताउँछन्।

सरकारले गत वैशाख ५ देखि १८ गतेसम्म चलेको एसिसी मेन्स प्रिमयर कपका लागि ७९ लाख रूपैयाँ निकासा गरेको छ। गत वैशाख २० गते बसेको मन्त्रिपरिषद् बैठकले एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता विजयी नेपाली क्रिकेट खेलाडी र मुख्य प्रशिक्षकलाई जनही छ लाख रूपैयाँ र अन्य टिम अफिसियलाई जनही तीन लाख रूपैयाँ प्रोत्साहन स्वरूप उपलब्ध गराउने निर्णय गरेको थियो।

गत फागुन १२ देखि १८ गतेसम्म सञ्चालन भएको आइसिसी अण्डर-१९ मेन्स सिडब्लुसी-एसिया क्वालिफायरका लागि ४६ लाख र गत फागुन २७ देखि चैत २ गतेसम्म चलेको आइसिसी सिडब्ल्युसी लिग-२ को ३२ लाख ५० हजार रूपैयाँ उपलब्ध गराइने सदस्यसचिव घिसिङले जानकारी दिए।

# कोशीमा एमालेलाई धोका !

■ प्रभाव संवाददाता

- संविधानको धारा १६८ को उपधारा ५ बमोजिम मुख्यमन्त्री बनेका केदार कार्कीलाई एमालेका ३९ सांसदको साथ थियो
- तर, एमालेको सहमतिविनै कार्कीले नेकपा माओवादी केन्द्रका गणेश उप्रेती र एकीकृत समाजवादीका कमलप्रसाद जवेगूलाई विनाविभागीय मन्त्री नियुक्त गरे
- पाँच मन्त्री माग्दै आएको एमाले मन्त्रिपरिषद् विस्तारसँगै सरकारबाट बाहिरिने तयारीमा

**काठमाडौं–** कोशी प्रदेशमा आफ्नै बलबुताले मुख्यमन्त्री बनाइदिएको कांग्रेसका केदार कार्कीले एमालेलाई धोका दिएको छ। केन्द्रीय सत्ता गठबन्धनले माओवादी केन्द्रका इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने भएपछि डा. शेखर कोइराला खेमाले विद्रोह गरी एमालेसँग गठबन्धन गरेसँगै असोज २७ गते कांग्रेसका कार्की मुख्यमन्त्री नियुक्त भएका थिए।

नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम मुख्यमन्त्री बनेका उनलाई एमालेका ३९ सांसदको साथ थियो। मुख्यमन्त्री बन्नसाथ कार्कीले एमालेका राम राना र कांग्रेसका शमशेर राईलाई विनाविभागीय मन्त्री नियुक्त गरे। केन्द्रमा सत्ता गठबन्धनले कार्कीलाई नै साथ दिने भएपछि त्यतिबेलै झस्किएको एमालेले आफ्नो सहमतिविना सरकार विस्तार नगर्न चेतावनी दिँदै आएको थियो।

दबाबमा रहेका कार्कीले कात्तिक १ गते विश्वासको मत लिए। ९३ सदस्यीय कोशी प्रदेशसभामा उनलाई ४७ मत भए पुग्थ्यो। तर,ण एमालेको समर्थनमा कांग्रेसका आठ सांसदसहितको सरकार बनाएका उनले अत्यधिक मत ल्याएका हुन्। विश्वासको मतको पक्षमा ८६ मत पर्दा विपक्षमा पाँच मतमात्र पऱ्यो। मतदानमा ९१ जना सहभागी थिए। मुख्यमन्त्री कार्कीलाई नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा)का सांसदले विश्वासको मत दिए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसदले भने विपक्षमा मतदान गरे।

सत्तामा भऱ्याङ बनेको लगभग पक्का भएपछि एमालेले पटक-पटक चेतावनी दिए पनि कार्कीले शुक्रबार माओवादीका गणेश उप्रेती र एकीकृत समाजवादीका कमलप्रसाद जवेगूलाई विनाविभागीय मन्त्री नियुक्त गरेका हुन्। नवनियुक्त दुवै मन्त्रीलाई प्रदेश प्रमुख परशुराम खापुङले शुक्रबार नै पद तथा गोपनीयताको शपथ गराएका छन्।

### एमाले सरकारबाट बाहिरिने

आफैंले सत्तामा पुऱ्याएको मुख्यमन्त्री कार्कीले धोका दिएपछि एमाले सरकारबाट बाहिरिने भएको छ। एमाले संसदीय दलका नेता हिक्मत कार्कीले यो गठबन्धन दुर्गन्धित भएको उल्लेख गर्दै यस विषयमा पहिले नै निर्णय भएको बताए।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## खाडीबाट फर्किएकी कौशिलाको सुझाव

# घरेलु कामदार बनेर खाडी नजानू

**बलेवा (बागलुङ)–** सात समुद्रपारीको देश, मध्यरात र एक्लो कोठामा सुतिरहेको अवस्थामा कोही पुरुषले आफ्नो मुख थुन्छ। हातभरि कुवेती डलर बोकेको वयस्क पुरुषले भन्छ, 'तँलाई चाहिएको जति दिन्छु मैले भनेको मान।'

कौशिला विकले भएभरको बल लगाएर त्यस व्यक्तिसँग प्रतिकार गरिन्। आफूलाई अँठ्याउन खोजेको पुरुषलाई भुइँमा पछारिन्। हतारहतार कोठाको चुकुल लगाइन् र आफूलाई बचाइन्। त्यसपछि सुरु भए उनका थप कष्टका दिन। घरेलु कामदारका रूपमा कुवेत पुगेकी बागलुङको काठेखोला गाउँपालिका-८ लेखानीकी २३ वर्षीया कौशिलाले व्यहोरेको व्यथा हो यो। आफन्तकै सल्लाहमा सरसफाइ मजदुर बनेर कुवेत पुगेकी उनी त्यहाँ पुग्दा घरेलु कामदार बनिन्। कुवेत पुगेको दुई साता नबित्दै कौशिलामाथि हिंसाको प्रयास भयो।

हिंसात्मक घटनामा प्रतिकार गरेकैले उनलाई २८ दिनमा तीन ठाउँमा काम फेरियो। जहाँ गए पनि कामको अवस्था भने उस्तै। नेपालमा हुँदा खाडी मुलुकमा महिलामाथि हुने हिंसाका घटनाका विषयमा धेरैथोरै समाचार सुनिरहेकी कौशिलाले कुवेतमा बसेर घरको ऋण तिर्नभन्दा पनि स्वदेश नै फर्किने निर्णय लिइन्। 'मेरै आँखा अगाडि एक एजेण्टले ९०० कुवेती डलर (केडी)मा एक नेपाली दिदीलाई कुवेतीको घरमा काम गर्न बेचे, अनि मेरो मन थामिएन,' कौशिलाले भनिन्, 'मैले नेपाल फर्किने बाटो खोजेँ।' उनले नेपाल फर्किन खोजेको यहाँ रहेका एजेण्टले थाहा पाएपछि कौशिलाको मोबाइल खोसियो। बन्द कोठमा विनाकाम राखेर मानसिक तनावमात्रै दिने गरेको उनले सुनाइन्।

'नेपालमा क्लिनर हो भने, विमानस्थल पसेपछि बल्ल डकुमेन्ट दिए, दुईथरी डकुमेन्ट दिएका थिए, उता देखाउने र यता देखाउने दुईथरी भनेर, हामीलाई दिएको कागजमा कुवेतको भिजिट भनेर लेखिएको थियो,' कौशिलाले भनिन्, 'नेपालकै विमानस्थलमा दुईथरी डकुमेन्ट र भिजिट भनेर होटलसमेत बुक गरेको कागज देखेपछि नजाने भनेकी थिएँ तर विमानस्थलमै बसेका एजेण्टले फर्किन दिएनन्, कुवेत पुगेपछि कम्पनीको प्रतिनिधि आएर लिएर गयो। घरेलु काममा लगायो। केही दिन काम राम्रै थियो, ठाउँ फेरिदियो र हिंसाको प्रयास भयो।'

> हिंसात्मक घटनामा प्रतिकार गरेकैले उनलाई २८ दिनमा तीन ठाउँमा काम फेरियो। जहाँ गए पनि कामको अवस्था भने उस्तै। नेपालमा हुँदा खाडी मुलुकमा महिलामाथि हुने हिंसाका घटनाका विषयमा धेरैथोरै समाचार सुनिरहेकी कौशिलाले कुवेतमा बसेर घरको ऋण तिर्नभन्दा पनि स्वदेश नै फर्किने निर्णय लिइन्।

कुवेतमै रहेकी एक नेपालीको मोबाइलको सहारामा माइती नेपाल र सुरक्षित आप्रवासन परियोजनामा सम्पर्क गरेकी उनले सबै कागज भने सुरक्षित राखेकी थिइन्। बागलुङमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमले उनको सबै डकुमेन्ट मगायो। कौशिलाले समय-समयमा लुकीलुकी डकुमेन्ट उपलब्ध गराइन्। उक्त कार्यक्रमले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यमा कौशिलासम्म पुगेर सकुशल उनलाई नेपाल ल्यायो।

'मैले एजेण्टलाई कि मलाई नेपाल फर्काऊ होइन भने चार तलामाथि छु, हाम फालेर मर्छु, तँ पर्छस् भनें,' कौशिलाले भनिन्, 'मरे शव ल्याउन पहल गर्छु भनेर उसले जवाफ दियो।' सुरक्षित आप्रवासन कार्यक्रमले दिनरात नभनी आफ्नो उद्धार गरेको उनले बताइन्।

'कौशिला सचेत हुनुहुँदो रहेछ, हामीसँग समयमा सम्पर्कमा आउनुभयो र आवश्यक कागजात सबै उपलब्ध हुँदा उद्धारमा सहज भयो,' सुरक्षित आप्रवासन कार्यक्रमकी परामर्शदाता गंगा रिजालले भनिन्, 'गाउँपालिकाकी कार्यपालिका सदस्य पूर्णमाया विकको सहयोगमा हामी उहाँसम्म पुग्यौं, कौशिलाले रातभरि पनि मेसेज गर्नुहुन्थ्यो, हामीले दिनरात नभनी उनको उद्धार गऱ्यौं।' वैदेशिक रोजगारीका विषयमा राम्रोसँग जानकारी नलिई जाने र गइसकेपछि पनि फर्किन सक्ने बाटाको विषयमा जानकारी नहुँदा धेरै नेपाली कामदार श्रम शोषण र हिंसाको सिकार हुने गरेको कार्यक्रम संयोजक मीनप्रसाद उपाध्यायले बताए।

पासपोर्ट बनाउने बेला नै कौशिलाले कोरिया जाने भनेकी थिइन्। आफन्तले कुवेतमा काम लगाइदिने भनेपछि काठमाडौंसम्म बसमा पासपोर्ट पठाएको बताएकी उनले मेडिकल जाँच गरेको १० दिनमै भिसा आएपछि विमानस्थल प्रवेश गरेपछिमात्रै आफू कुवेत जान लागेको थाहा पाएको बताइन्। 'मलाई आफन्तले नै फसाए,' कौशिलाले भनिन्, 'घरेलु कामदारका रूपमा कोही दिदीबहिनी पनि खाडी नजानू, त्यहाँ दिदीबहिनीको हालत खराब छ।' कुवेत पुगेको २८ दिनका दिनपछि नेपाल फर्किएकी कौशिला अब भने कोरियाको तयारी गर्ने बताइन्। *रासस*






**प्रदर्शनीमा राखेका फूल** | काठमाडौंको भृकुटीमण्डपमा नर्सरी व्यावसायी संघ नेपालद्वारा आयोजित 'तिहारको महोत्सव फूलको उत्सव' प्रदर्शनीमा राखिएका फूल । प्रदर्शनी आज शनिबारसम्म सञ्चालन हुनेछ । *तस्बिर: रासस*

# शिक्षामा सीप कार्यक्रममा सूचीकृत हुन आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु शैक्षिक सत्रका लागि शिक्षामा सीप कार्यक्रममा प्रशिक्षण दिन चाहने संघसंस्था तथा व्यक्तिहरूलाई विद्यालयमा सूचीकृत हुन अनुरोध गरेको छ ।

उक्त कार्यक्रम कामपाले आफ्नो कार्यक्षेत्रमा रहेका ५६ माविमा गत वैशाख १२ गतेदेखि सुरु गरेको थियो । माध्यमिक तह कक्षा ९ र १० मा शिक्षामा सीप सञ्चालन हुने सामुदायिक विद्यालयका लागि प्रशिक्षक सूचीकृत हुन आग्रह गरिएको कामपा शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले जानकारी दिए । हाल कामपामा २९ वटा सामुदायिक विद्यालय छन् ।

उनका अनुसार पाठ्यपुस्तकबाट प्राप्त सैद्धान्तिक ज्ञानसँगै जीवनोपयोगी, सीपमूलक, व्यावहारिक शिक्षा प्रदान गरेर विद्यालय तह पूरा गर्दा प्राविधिक क्षेत्रमा स्वरोजगार हुन सक्ने जनशक्ति तयार गर्न यस प्रकारको कार्यक्रम थालनी गरिएको हो ।

यस कार्यक्रमका लागि १० विषय राखिएको छ । कृषि तथा सहरी खेती, सौन्दर्य कला र कपाल शैली (हेयर स्टायल), काष्ठकला तथा नक्कासी (कुँदेर बेलबुट्टा भर्ने काम), पाक कला, फेसन डिजाइन र कपडा निर्माण, घरमा तार र बिजुली जडान (वायरिङ एण्ड इलेक्ट्रिकल), विपद् पूर्वतयारीका लागि भवन निर्माणको रैथाने (परम्परागत) कला, मोबाइल र विद्युतीय सामान, पाइप जडान तथा मर्मत, कला र मूर्तिकला विधा तालिमका विषयहरू हुन् ।

दश विधामध्ये मूर्तिकला विधा तालिमका लागि कामपा र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबीच सम्झौता भइसकेकाले बाँकी नौ विधाका लागि मात्रै सूचीकृत गर्न पाइनेछ । दश क्षेत्रमा तालिम कक्षा सञ्चालन गरिरहेको व्यक्ति तथा संस्था सूचीकृत हुनयोग्य हुने छन् । सूचीकृत सेवा प्रदायक संस्थाको अनुभवलाई ४० अंकमा, जनशक्तिको योग्यता, अनुभव र प्रशिक्षक प्रशिक्षण तालिमलाई ४० अंकमा, प्रविधि हस्तान्तरणसम्बन्धी प्रतिविद्वतालाई १० अंकमा र आर्थिक तथा प्राविधिक क्षमतालाई १० अंकमा मूल्यांकन गरेर प्रशिक्षक छनोट गरिने जनाइएको छ ।

जनशक्तिको योग्यता, अनुभव र प्रशिक्षक प्रशिक्षण सूचकमा, तालिम संयोजकको शैक्षिक योग्यता स्नातकोत्तर भए पाँच अंक र स्नातक भए तीन अंक दिइने छ । तालिम संयोजन गरेको अनुभवलाई प्रतिवर्ष एक अंक र बढीमा पाँच अंक दिइने छ । ट्रेनिङ इन्स्टिच्युट फर टेक्निकल इन्स्ट्रक्चर (टिआइटिआई) वा मान्यता प्राप्त संस्थाबाट प्रशिक्षक प्रशिक्षण प्राप्त योग्यतालाई पाँच अंक दिइने छ ।

## कोशीमा एमाले...

पष्ठ १ बाट जारी

'हामीसँग सल्लाह नै नगरी मन्त्रिपरिषद् बिस्तार गरिएकाले अब, हामी सरकारमा बस्दैनौं,' कार्कीले भने, 'केन्द्रको अहिलेको दुर्गन्धित गठबन्धनमा हामी हिजो पनि थिएन, आज पनि छैनौं र भोलि पनि हुँदैनौं ।' एमालेका मन्त्री राना आइतबार सरकारबाट फिर्ता हुने उनले बताए ।

### कोशीमा दोहोरिएको केन्द्र प्रकरण

गत पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत माग्दा २७५ सदस्यीय प्रतिनिधिसभामा २६८ मत पाएका थिए । कोशीका मुख्यमन्त्री केदार कार्कीले पनि यसरी नै प्रचण्ड बहुमत प्राप्त गरेका छन् । एमालेको समर्थनमा पुस १० गते प्रधानमन्त्री बनेका दाहाललाई आधा महिनामै अप्ठेरो पर्नेगरी नेपाली कांग्रेसले मत दिएको थियो ।

सोही प्रकरण कोशीमा दोहोरिएको हो । असोज २८ गतेमात्र मुख्यमन्त्रीमा शपथ लिएका कार्कीले कात्तिक १ गते मत जाँच्दा ८६ सांसदले उनको समर्थन गरे । ९३ सदस्यीय कोशी प्रदेशसभामा उनलाई ४७ मत भए पुग्थ्यो । तर, एमालेको समर्थनमा कांग्रेसका आठ सांसदसहितको सरकार बनाएका उनले अत्यधिक मत ल्याएका हुन् ।

पुसको घटनापछि एमालेले फागुन १५ गते केन्द्रीय सरकार छाड्यो । कोशीमा पनि यस्तै गर्नुपर्ने धारणा माओवादी कोशीका संसदीय दलका नेता इन्द्र आङ्बोले त्यतिबेलै बताएका थिए । 'एमाले चाँडोभन्दा चाँडो सरकारबाट बाहिरिएर आफ्नो नैतिकता प्रदर्शन गरोस्,' कार्कीले विश्वासको मत पाउनासाथ सञ्चारकर्मीसँग आङबोले भनेका थिए । आङ्बो गठबन्धनबाट मुख्यमन्त्रीका उम्मेदवार थिए । तर कांग्रेसको संस्थापनइतरले विद्रोह गरी आठ जना सांसद तयार गरेपछि एमालेले कार्कीलाई समर्थन गरेको हो । कार्की मुख्यमन्त्री बन्दै गर्दा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, संस्थापनइतरका नेता डा. शेखर कोइराला र प्रधानमन्त्री दाहालबीच बालुवाटारमा गठबन्धन बलियो बनाउने एकबुँदे 'चिर्कटो' सहमति भएको थियो । उक्त सहमति हुनसाथ एमाले नेताहरू कार्कीसँग सशंकित बनेका थिए ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस संस्थापनइतरका नेता कोइरालालाई प्रयोग गरी सत्ता गठबन्धन फुटाउने कोसिसस्वरूप कोशीमा कांग्रेसलाई विद्रोह गर्न लगाएका थिए । तर, शेखरले एमालेसँगको सहमति कायम नराखेको भन्दै केन्द्रकै प्रकरण दोहोरिने आशंका एमाले नेताहरूले गरेका थिए । नभन्दै कांग्रेससहित माओवादी गठबन्धनले एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कार्कीलाई विश्वासको मत दिए ।

कोशीमा कांग्रेसका मुख्यमन्त्रीको पक्षमा मत हालेपछि एमाले र माओवादी आरोपप्रत्यारोपमा उत्रिएको थियो । एमाले जबर जस्ती सरकारमा घुसेको आङ्बोको आरोप थियो त्यतिबेला । 'हामीले गठबन्धनको स्पिरिटअनुसार मुख्यमन्त्रीलाई निःसर्त मत दिएका हौं । अब एमालेसँग राजनीतिक नैतिकता बाँकी छ भने गठबन्धनमा जबरजस्ती घुसेको ऊ सरकारबाट बाहिरिनुपर्छ,' आङ्बोले भनेका थिए, 'यो सरकार गठबन्धनको हो ।'

यता पूर्वमुख्यमन्त्रीसमेत रहेका एमालेका हिक्मत कार्कीले माओवादीमाथि लक्षित गर्दै कुण्ठा नपोख्न आग्रह गरेका थिए । 'केही साथीहरूले यहाँ कुण्ठा पोख्नुभएको छ । यो जरूरी पनि छैन । यो परिस्थिति कसले बनायो ?,' उनको प्रश्न थियो, 'एमालेले गलत गरेको छैन ।'

कार्कीले माओवादीकै कारण यस्तो परिस्थिति सिर्जना भएको दाबीसमेत गरेका थिए । यसअघि एमालेले सरकारमा पाँच मन्त्री मागेको थियो ।

## नेपाल टी–२०...

पष्ठ १ बाट जारी

नेपाल समूह 'ए' बाट उपविजेता र युएई समूह 'बी' को विजेता बन्दै सेमिफाइनलमा पुगेका थिए । शुक्रबार नै त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको अर्को सेमिफाइनलमा ओमानले बहराइनलाई १० विकेटले पराजित गरेको थियो ।

आगामी वर्ष अमेरिका र वेष्ट इन्डिजमा संयुक्त रूपमा हुने विश्वकपमा २० टिम सहभागी हुने छन् ।

### प्रधानमन्त्रीको बधाई

प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली क्रिकेट टोली टी-२० विश्वकप प्रतियोगिताका लागि छनोट भएकामा बधाई दिएका छन् । उनले पछिल्लो समय क्रिकेटमा नेपाली टोलीले प्राप्त गरेको सफलता र उचाइप्रति सरकारकोतर्फबाट उच्च सम्मान व्यक्त गरेका छन् । प्रधानमन्त्री दाहालले नेपाली टोलीको आगामी यात्रामा सफलताको कामनाका साथै सरकार सधैं क्रिकेट खेलाडीको साथमा रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०६/२६ गते बुढानिलकण्ठ न.पा.-१० कपन रूद्रमती चोकस्थित आफन्तको घर अगाडि साँझको ८:०० बजे पार्किङ गरिराखेको र भोलिपल्ट बिहान ५ बजे हेर्दा सो स्थानमा नरहेको २२० पल्सर कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम** : Hulas Fin Serve
**धनीको नाम** : डोर बहादुर थापा
**बाइक नं.**: बा.प्र.०३-००५ प ५९४४
**च्यासिस नं.**: MD2A13EX8MCJ97216
**इन्जिन नं.** : DKXCMJ31428
**सम्पर्क**: ९८६०४३९४२०/९८०११६९८१६

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/१८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र चिलाउने जातको गोलिया थान २६१ को २६४४.८६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**धर्मशाला सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Employment Creation Services Pvt. Ltd. (ई.प.नं.४००/०६०/०६१) को** साविक **झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं १** मा रहेको शाखा कार्यालय स्थान्तरण गरी **सुनसरी जिल्ला ईटहरी उप महानगरपालिका वडा नं २** मा संचालन गर्न साथै साविकको शाखा प्रमुख **श्री सर्व कुमार लोवाको** को नाम परिवर्तन गरी **श्री कृष्ण कुमार लिम्बु** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि. को माग बमोजिम साविकको **शाखा प्रमुख** परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**वैदेशिक रोजगार विभागको**
**सार्वजनिक सूचना !**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत प्राप्त तपसिल वमोजिमका **श्री RAJDHANI INTERNATIONAL SERVICE PVT. LTD (इ.प.नं.३०३/०५९/०६०)** सञ्चालक/शेयर धनी स्व.धनबहादुर खड्काको नाममा रहेको शेयरहरू मृतकको छोरा वीरेन्द्र खड्काको नाममा दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग वमोजिम शेयर नामसारी लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. स्व. धन बहादुर खड्का (०१-३००००) | १. श्री वीरेन्द्र खड्का ०१-३००००) |


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक १८ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **वृष** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **मिथुन** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कर्कट** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **सिंह** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **कन्या** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **तुला** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **वृश्चिक** | परोपकारमा रुचि बढ्नेछ । |
| **धनु** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **मकर** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **कुम्भ** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **मीन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १८ गते, २०८०, ४ नोभेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङ्गेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# लुम्बिनीबाट सगरमाथा आधार शिविर लगियो शान्ति दीप



**लुम्बिनी (प्रस)–** हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनको असर र विश्व शान्तिका लागि विश्वको ध्यान केन्द्रित गर्न बुद्ध जन्मस्थल लुम्बिनीबाट सगरमाथाको आधार शिविरतर्फ शान्ति दीप लगिएको छ ।

नेपाल पर्वतारोहण संघले विश्व शान्तिको कामनासहित जलवायु परिवर्तनको असरबारे विश्वको ध्यान केन्द्रित गर्न लुम्बिनीबाट शान्ति दीप सगरमाथाको आधार शिविर कालापत्थरतर्फ हिँडाएको हो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे)ले शुक्रबार लुम्बिनीस्थित शान्ति दीपमा प्रज्ज्वलन गरेको दीप सगरमाथाको आधार शिविरतर्फ प्रस्थान गर्न दीप हस्तान्तरण गरे ।

उपाध्यक्ष डा. लामाले पूजा गरेको शान्ति दीप कार्यक्रम संयोजक, विश्व कीर्तिमानी आरोही काजी शेर्पा (स्पिड), नेपाल पर्वतारोहण संघका पूर्वसचिव एवं केन्द्रीय कार्यसमिति सदस्य दिवस पोखेल र सगरमाथा आरोही संघका महासचिव शिवबहादुर सापकोटालाई संयुक्तरूपमा हस्तान्तरण गरे ।

उपाध्यक्ष डा. लामाले विश्व शान्ति र जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लुम्बिनीबाट दीप प्रज्वलन गरेर सगरमाथाको आधार शिविर पुऱ्याउँदा विश्वभरि नै सन्देश प्रवाह हुने बताए । उनले विश्व मानव जगत्मा जलवायु परिवर्तनको असरसँगै द्वन्द्व पनि बढिरहेको अवस्थामा शान्ति भूमि लुम्बिनीबाट विश्वको सर्वोच्च शिखरमा दीप लैजाने कार्य गैरवको विषय भएको बताए । शान्ति दीपमा प्रज्ज्वलन गरिएको उक्त दीपलाई लामा गुरुहरूबाट स्वस्ति शान्ति गरी मायादेवी मन्दिर परिक्रमा गराइएको थियो ।

लुम्बिनीबाट लगिने उक्त दीप कात्तिक १९ गते साँझसम्ममा काठमाडौं हुँदै सगरमाथा आधार शिविर कालापत्थर पुऱ्याइने नेपाल पर्वतारोहण संघले जनाएको छ । नेपालको राष्ट्रिय झण्डा फहराउने र बौद्धबाट ल्याइएको दीपसमेत उक्त स्थानमा प्रज्ज्वलन गरिने छ । कात्तिक २५ दिन एक समारोहका बीच कालापत्थामा सम्पन्न हुन गइरहेको कार्यक्रमबाट विश्वको ध्यान केन्द्रित हुने संघका पूर्वसचिव एवं केन्द्रीय कार्यसमिति सदस्य पोखेलले बताए ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको हिमाल र हिमाली क्षेत्रमा परेको असरबारे राष्ट्रसंघको आगामी बैठकमा छलफल गरी कार्बन उत्पन्न गर्ने धनी राष्ट्रहरूले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेकाले कालापत्थरमा सम्पन्न हुने कार्यक्रम फलदायी हुने पोखेलले बताए ।

# सिएमआर नेपालको अध्यक्षमा अर्याल



**काठमाडौं (प्रस)–** सेन्टर फर मिडिया रिसर्च (सिएमआर) नेपालको अध्यक्षमा दीपक अर्याल चयन भएका छन् । संस्थाको बिहीबार सम्पन्न ११औं साधारणसभाले अर्यालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । अर्याल पत्रकारिता प्राध्यापन गर्नुका साथै मिडिया, इतिहास र समाजशास्त्रसम्बन्धी अध्ययन तथा अनुसन्धानमा संलग्न छन् ।

यस्तै संस्थाको उपाध्यक्षमा श्रुति श्रेष्ठ, सचिवमा नवीन खतिवडा, कोषाध्यक्षमा हिमेशरत्न बज्राचार्य चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा सुनिता कार्की, कञ्चन अधिकारी र अनिता शाह चयन भएका छन् ।

साधारणसभामा बोल्दै प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले राज्यले अझै पनि पत्रकारितालाई सही ढंगले बुझ्न नसकेको भन्दै विषयगत र प्रविधिक रूपले दक्ष जनशक्ति तयार पार्नका लागि काउन्सिल विश्वविद्यलाय र अनुसन्धान केन्द्रहरूसँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताए ।

नेपाल पत्रकार महासंघका महासचिव रोसन पुरीले मिडियाको क्षेत्रमा अध्ययन तथा अनुसन्धान हुनु सराहनीय कार्य भएको उल्लेख गर्दै मिडिया साक्षरतालाई अघि बढाउन सुझाव दिए । महासंघका सचिव पवन आचार्यले पत्रकारहरूका लागि विशिष्टीकृत तालिमको आवश्यकता रहेको बताए । समयसापेक्ष तालिमहरू अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

नेपाल खुला विश्विद्यालयका सहप्राध्यापक डा. हरि ढुंगानाले वर्तमान समयमा पत्रकारिता क्षेत्रमा धेरै चुनौती देखापरेको उल्लेख गर्दै नयाँ प्रविधिलाई विशेष ध्यान दिएर अघि बढ्न सुझाव दिए ।

सिएमआर नेपालका नवनिर्वाचित अध्यक्ष अर्यालले विगतमा गरेका कार्यहरूलाई निरन्तरता दिँदै आगामी दिनमा सेन्टरले मिडियाका नीतिगत, व्यावहारिक र नयाँ-नयाँ प्रविधिले गर्दा आएका विविध मुद्दामा अध्ययन अनुसन्धान गर्नुका साथै मिडियासम्बन्धी बहसलाई अघि बढाउने बताए ।

# धान रोप्नेदेखि काट्नसम्म भारतीय श्रमिकको भर

■ **कृष्ण आचार्य**

**भरतपुर–** यतिबेला चितवनका किसानलाई धान काट्ने र भित्र्याउने चटारो छ । जिल्लाको पश्चिम, पूर्वी र माडी क्षेत्रका किसान धान काट्न र भित्र्याउन व्यस्त छन् । धान स्याहार्न जिल्लामा श्रमिक पाइन छाडेपछि यहाँका किसानलाई धान रोप्नेदेखि काट्नेसम्म मधेस प्रदेश र भारतका श्रमिकको भर पर्नुपरेको छ । यहाँ धान रोप्ने र काट्ने याममा मधेस प्रदेश र भारतका श्रमिक आउने गरेका छन् । उनीहरू सामूहिक रूपमा आएर यहाँ धान काट्ने, झार्ने र घरको भकारीसम्म पुऱ्याइदिने काम गर्छन् ।

जिल्लामा काम गर्ने युवा विदेश पलायन र स्थानीय कामदार महँगा भएका कारण बाहिरी जिल्लाबाट कामदार ल्याउनुपरेको सम्बद्ध किसान बताउँछन् । पश्चिम चितवनको चनौलीका किसान रामकृष्ण अधिकारी प्रत्येक वर्ष तराईबाट आउने श्रमिकलाई काम लगाउने गरेको बताउँछन् । उनी भन्छन्, 'यहाँ भएका कामदारले काम गर्दैनन्, उनीहरूलाई ठेक्कामा दिएपछि हाइसञ्चो हुन्छ ।'

अधिकारी यस वर्ष पनि आफूले धान रोप्नेदेखि काट्नेसम्म सबै जिम्मा तराईका श्रमिकलाई दिएको बताउँछन् । 'गाउँमा अधिकांश ४०/५० कटेका मान्छेमात्र छन्,' उनी भन्छन्, 'काम गर्ने युवा कोही अस्ट्रेलिया, अमेरिका त कोही खाडी मुलुकमा गए, गाउँमा काम गर्ने मान्छे भएन ।'

रौतहटका उपेन्द्र पटेल प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आउँछन् । उनी यसरी नियमित आउन थालेको १० वर्ष भयो । धान काट्नमात्र होइन, धान रोप्न र गोड्नसमेत पटेल चितवन आउने गरेका हुन् । 'यो वर्ष मात्रै तीनपटक चितवन आएँ,' उनी भन्छन्, 'काम सहजै पाइन्छ, पैसा पनि राम्रै छ ।' रौतहटमा रहँदा उखु छिन्ने र आफ्नो घरायसी काम गर्दै आएको उनी बताउँछन् । यसपटक आठजनाको टोली लिएर आएको भन्दै पटेल ठेक्कामा काम लिने र आएको पैसा बराबर बाँडफाँट गर्ने गरेको जानकारी दिन्छन् ।

रौतहटका दिनेश पटेलले पनि भाडामा जग्गा लिएर भरतपुर महानगरपालिका-६ स्थित गीतानगरमा पाँच बिघा क्षेत्रफलमा धान खेती गरेका छन् । धान भित्र्याउन यहाँका कामदार खोज्दा नपाएपछि रौतहत र बारा जिल्लाबाट कामदार ल्याएर उनले धान भित्र्याएका हुन् । 'चितवनमा कामदार नै नपाउने । पाइए पनि दिनको एक हजार रूपैयाँ लिन्छन्,' दिनेश भन्छन्, 'महँगा कामदार हालेर खेती गर्नुभन्दा मधेसबाट नै कामदार ल्याएर काम गराइराखेका छौं ।' चितवनका कामदार लगाएर खेती गर्दा लागत पनि नउठ्ने उनी बताउँछन् । चितवनमा मधेसबाट काम खोज्न आउने कामदारको संख्या बढी छ ।

रौतहटका हरिस यादव प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आएका छन् । उनी नियमित आउन थालेको चार वर्ष भयो । धान काट्नमात्र होइन, धान रोप्न र गोड्नसमेत उनी चितवन आउने गरेका छन् । 'घरमा आमाबुबा छोराछोरी र श्रीमती छन् । आफ्नो पनि पेट पाल्न पऱ्यो,' उनी भन्छन्, 'छठ पर्वको खर्च जुटाउनका लागि प्रत्येक वर्ष चितवन आउँछौं ।' बारा, पर्सा रौतहटबाट कादार छठ पर्वका लागि पैसा जोहो गर्न चितवनमा काम गर्न आउने गर्दछन् । हेटौंडा, नवलपरासी, काठमाडौंसम्म ज्याला मजदुरीको काम गर्न जाने गरेको यादव बताउँछन् । धान रोप्ने, काट्ने बेला अन्यन्त्रभन्दा चितवनमा सहजरूपमा काम पाइने गरेको उनको अनुभव छ ।

बाराबाट १५ जनाको टोलीसहित आएका झापट चौधरीले चितवनमा धान काट्न थालेको एक दशक बढी भयो । परिवार पाल्नका लागि खेतमा आली लगाउनेदेखि काट्नसम्म आउने गरेको उनको भनाइ छ । 'यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीँ त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ,' मंगलपुरमा धान काट्दै गरेका चौधरी भन्छन्, 'चितवन जिल्लाका मंगलपुर, गीतानगर, पदमपुर, रत्ननगर, खैरहनी, राप्ती सबै क्षेत्रमा धान काट्ने गर्दछौं ।'

यस्तै रौतहटका कृष्ण पाण्डे पनि आठ वर्षदेखि नियमितरूपमा चितवनमा धान काट्न आइरहेका छन् । उनी भन्छन्, 'यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीँ त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ ।' धेरै काम हुँदा कहिलेकाहीँ रातभर काम गरेरसमेत सक्ने गरेको अनुभव उनी सुनाउँछन् । पाण्डेले एक महिनाको अवधिमा खाने बस्ने खर्चबाहेक २५ देखि ३० हजार रूपैयाँ जम्मा गरेर घर लैजाने गरेको बताउँछन् ।

चितवनको अधिकांश जनशक्ति विदेश छ । एक दशक अघिसम्म अर्मपर्व चल्दथ्यो । अहिले हराउँदै गएका कारण बाहिरी जिल्लाबाट कामदार ल्याएर काम गराउनु परेको भरतपुर-१५ शरणपुरका शिव उप्रेती बताउँछन् । 'यहाँ भएकाले काम गर्दैनन् । धान लगाएर फाइदा पनि छैन,' उनी भन्छन्, 'बाँझो किन राख्ने भनेर खेती गरेका हौं ।' गाउँमा अधिकांश ४० कटेका मानिसहरू मात्र रहेको उप्रेतीको भनाइ छ ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकृत सुरुचि त्रिपाठी जिल्लामा धान काट्नेदेखि थन्काउनेसम्म तराई मूलका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहेको बताउँछन् । 'युवाहरू रोजगारीका लागि विदेश पलायन हुने क्रम बढ्दो छ । स्थानीय स्तरमा श्रमिक पाइँदैन,' उनी भन्छन्, 'सबै कुरामा हामी परनिर्भर हुँदै गएका छौं ।' धान लगाएर किसानलाई फाइदासमेत नभएको सूचना अधिकृत उप्रेती बताउँछन् । चितवनमा बिस्तारै कृषिमा यान्त्रिकीकरणतर्फ लैजाने प्रयास गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत केही किसानलाई धान रोप्ने, गोड्ने, काट्ने र थ्रेसर लगाउने मेसिन उपलब्ध गराइए पनि पर्याप्त नभएको उनको भनाइ छ । चितवनमा गत आर्थिक वर्ष २२ हजार आठ सय ७० हेक्टरमा धान खेती गरिएको थियो । अहिले समयमा पानी नपरेका कारण दस प्रतिशत जमिनमा मकै, कोदो, तरकारीलगायत बाली लगाइएको सूचना अधिकृत उप्रेती बताउँछन् । *रासस*


## बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०७/१७

यस कंचन विद्या मन्दिर सामुदायिक कलेजको आ.व. २०८०/०८१ अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०८०/०५/२८ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| ठेक्का न. | योजनाको नाम | फर्मर कम्पनी | कबोल रकम (मु.अ.कर. बाहेक) |
|---|---|---|---|
| KVMSC/UGC/NCB/WORKS-01-2080/081 | Construction of RCC Framed School Building of Kanchan Vidya Mandir Samudayik College, Bhimdatta Municipality - 04, Kanchanpur | New Bashuling Nirman Sewa, Bhimdatta, Kanchanpur | रु.७४,०२,७६०।८४।- |

क्याम्पस प्रमुख

## नि:शुल्क तालिमको लागि दरखास्त आह्वानको सूचना !

टोखा नगरपालिकाको आयोजनामा **कुक र बेकरी** विषयको निम्न मिति र स्थानमा सञ्चालन हुन गइरहेको हुँदा, तालिम लिन इच्छुक १८-४५ वर्षका नगरबासी महिला पुरुषहरूबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | तालिमको विषय | न्यूनतम योग्यता | तालिम अवधि | फारम भर्ने अन्तिम मिति | अन्तर्वार्ता मिति | तालिम सञ्चालन हुने मिति र स्थान | फाराम पाइने स्थान र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १. | कुक/ बेकरी | १८-४५ वर्ष साक्षर महिला/पुरुष | १ महिना | २०८०/०७/२५ | २०८०/०८/०१ | २०८०/०८/०४ स्वरोजगार तालिम केन्द्र, गोंगबु | स्वरोजगार तालिम केन्द्र ९८४१४२५६५६, ०१-४९८९९६९ |

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०४/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१६ LT. No. 290071 चलानी नं. ६०२०५३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1200 | ४१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: लण्डन होटल, ईटहरीमा मिति: २०८० कार्तिक २३ र २४ गते (9/10th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605
Itahari contact:- 9824327595 ,9808107471,9801116672,9819057967
E-mail: kapeelmanpowerpvtltd@gmail.com,Website: www.kapeelmanpower.com.np

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE

पुर्व स्वीकृति मिति : २०८०/०७/१७ LT. No. 294721 चलानी नं. ६०२०९७८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 1 | 2 | 209,720 | १,८५,८८० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE

पुर्व स्वीकृति मिति : २०८०/०७/१७ LT. No. 294722 चलानी नं. ६०२०९७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 0 | 3 | 197,200 | १,७४,७८५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २५ गते (11th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नेपाल, अष्ट्रेलिया, बङ्गलादेश, भूटान, चीन, इजिप्ट, भारत, जापान, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामबाट आएका चित्रकारले दिक्तेल बजारको विभिन्न चोक तथा किराँत ऐतिहासिकस्थल मझुवागढी, शुभम् फाउन्डेसन र जालपामा पुगेर एक सय नौ तथा अन्य विभिन्न ठाउँमा बसेर ४१ वटा क्यान्भास चित्र उतारेका नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए ।

जिल्लाको धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन गर्ने उद्देश्यले उतारिएका क्यानभास चित्र प्रदर्शनी कार्यक्रमको प्रमुख अतिथ्यता लागि राष्ट्रपति पौडेललाई औपचारिकरूपमा पत्रसमेत प्रदान गरिएको उनले बताए । 'हामीले गरेको निम्तोलाई राष्ट्रपतिज्यूले सहर्ष स्वीकार गर्नुभएको छ । राष्ट्रपतिज्यूकै सल्लाह अनुसार आगामी माघ १० गतेदेखि प्रदर्शनी गर्ने योजना बनाएका छौं । राष्ट्रपतिज्यूको अनूकुलमा कार्यक्रम तय हुन्छ', नगरप्रमुख भट्टराईले भने, 'हामीले अन्तर्राष्ट्रियस्तरको चित्रकला कार्यशाला भव्यतापूर्वक सम्पन्न गरेकामा राष्ट्रपतिज्यूले नगरपालिकालाई बधाईसमेत दिनुभयो । कला, साहित्य र सङ्गीतले विश्वजगत्लाई जोड्ने भएकाले खोटाङमा यस क्षेत्रको विकासका लागि राष्ट्रपतिले आफ्नोतर्फबाट सहयोग गर्ने वचनसमेत दिनुभएको छ ।'

# विपिन र वर्षाको 'काजी' पोस्टामले प्रचार गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** विपिन कार्की र वर्षा सिवाकोटीको मुख्य भूमिका रहने फिल्म हो 'काजी' । लक्ष्मण रिजालको निर्देशन रहने फिल्म अहिले प्रि-प्रोडक्सनमा छ । फिल्मको छायांकन आगामी माघदेखि सुरु हुदैछ ।

फिल्मको छायाँकन अगाडि निर्माण युनिटले वर्ल्डवाइड प्रचार प्रसारका लागि सोसियल प्लेटर्फ पोस्टाम डटकमलाई जिम्मा दिएको छ । बिहिबार राजधानीमा एक कार्यक्रमकाबीच 'काजी'का निर्देशक लक्ष्मण रिजाल र पोस्टामका सिइयो रोनिश दाहालबीच फिल्म प्रचार प्रसार सम्झौता भएको हो । पोस्टाम पछिल्लो समय विकास भएको लोकप्रिय सामाजिक संजाल हो । 'पोष्टाम'ले ५० लाख बराबर फिल्मको विश्वव्यापी बजार प्रवर्द्धन निःशुल्क रूपमा गर्नेछ ।



निर्देशक रिजालले फेसबुक, टिकटकमा प्रचारका लागि गर्नुपर्ने खर्चको समाधानको रूपमा आफूले 'पोष्टाम'लाई लिएको बताए । उनले पोस्टाम मार्फत आफूलाई अव फिल्मको संसारभर प्रचार प्रसारका लागि सजिलो हुने सुनाए ।

पोस्टामका सिइयो दाहालले फिल्मको प्रचार सुरुवात टिजर, ट्रेलर, पोस्टरबाटै गर्ने बताए । 'हामीले आफ्नो बजार पनि अध्ययन गर्नुपर्ने भएकाले अहिलेलाई फिल्मको बजार प्रवर्द्धन निःशुल्क गर्छौं' दाहालले थपे ।

रोमान्टिक-सोसल ड्रामामा निर्माण हुन लागेको फिल्म 'काजी'मा विपिन र वर्षाको अलावा विजय बराल, बुद्धि तामाङ, सुमन कार्की र कैलाश कार्की लगायत कलाकारको समेत अभिनय रहनेछ ।

बेलायतका विभिन्न स्थानमा छायाङ्कन हुने बताइएको फिल्म सुनिल मानन्धरको श्रीराम बालाजी पिक्चर्सले वितरण गर्नेछ । सन् २०१२-०१३ को बेलायती परिवेशमा छायाङ्कन हुने फिल्म रिजाल एण्ड रिजाल प्रोडक्सनको ब्यानरमा बन्न लागेको हो । फिल्मका निर्माता रामप्रसाद रिजाल हुन् । रिजाल एण्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्म 'गणपति' गत भदौ १४ मा प्रदर्शनमा आएको थियो ।

# अनुरागको 'माया नै हो'

**काठमाडौं (प्रस)–** गायक अमर अनुराग श्रेष्ठको नयाँ गीत 'माया नै हो' सार्वजनिक भएको छ । गीतमा बिकास गिरीको र्‍याप समेत छ । गीतको भिडियोमा इन्द्र दोङ लामा (खम्बे), शान्ती बस्नेत, सरु दाहाल, रेश्मा तिमिल्सेना, राजेन्द्र गिरी र समनराज गिरीको अभिनय छ । सबै कलाकार हास्य श्रृखला 'हर्के हल्वल्दार'का कलाकार हुन् । सन्तोष राजबहाकको कोरियोग्राफी रहेको भिडियोमा खम्बे इन्टरटेनमेन्टले निर्माण गरेको हो ।

भिडियोमा विजेश पौडेल (लातोकोसेरो फिल्मस्)को सम्पादन, प्रवेश पोखरेलको छायांकन छ । सुस्मिता श्रेष्ठ निर्माता र कलाकार महादेव त्रिपाठी सल्लाकार रहेको भिडियोको निर्देशन इन्द्र दोङ लामाले गरेका हुन् । गायक आमर अनुराग हाल अमेरिकामा बस्छन् । उनी अमेरिकामा संगीतिक कार्यक्रम कन्सर्ट तथा फेष्टिभल समेत आयोजना गर्दै आएका छन् ।




## रंगशाला







# क्रिकेट क्रेज

शुक्रबार आइसिसी टि-ट्वान्टी विश्वकप छनोटअन्तर्गत नेपाल र युएईबीचको सेमिफाइनल खेल हेर्न मूलपानीस्थित क्रिकेट मैदानमा उपस्थित भएका क्रिकेट समर्थक र सफलता हात पारेपछि खुसी मनाउँदै नेपाली खेलाडी । उक्त खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपालले टि-ट्वान्टी विश्वकपमा स्थान सुरक्षित गरेको छ । *तस्बिरहरू: क्यान*

# काश्य पदक विजेता पलेसा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनमा हालै सम्पन्न चौथो एसियाली पारा खेलकुदको करातेतर्फ काश्य पदक हात पारेकी पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धन सम्मानित भएकी छन् । पारा ओलम्पिक कमिटीले शुक्रबार एक कार्यक्रमबीच उनलाई एक लाख रूपैयाँसहित सम्मान गरेको हो ।

मैतीदेवीस्थित पारा ओलम्पिकको कार्यालयमा आयोजित कार्यक्रममा कमिटीकी अध्यक्ष राधा घलेले पुरस्कार हस्तान्तरण गरेकी थिइन् । सोही कार्यक्रममा पलेशाका प्रशिक्षक कविराज नेगीलाई पनि ३६ हजार ३३३ रूपैयाँसहित सम्मान गरिएको थियो । कार्यक्रमका वक्ताहरूले पदक विजेता खेलाडीलाई बधाई दिँदै उनको खेलको प्रशंसा गरेका थिए । कूल ४५ देशको सहभागिता रहेको एसियाली पारा खेलकुदमा नेपाल २६औं स्थानमा उक्लन सफल भएकोले चीनमासमेत प्रशंसा भएको बताइएको छ ।




**दोस्रो वडाध्यक्ष कप फुटबल**

# वीरगञ्ज युनाइटेड सेमिफाइनलमा

**निजगढ (प्रस)–** बिरगंज युनाइटेड फुटबल क्लब निजगढको रतनपुरमा जारी दोस्रो वडाध्यक्ष कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

श्री नेपाल राष्ट्रिय माध्यमिक बिद्यालय रतनपुरको खेल मैदानमा शुक्रबार सम्पन्न खेलमा सर्लाहीको एभरेस्ट एकेडेमीलाई २-१ गोल अन्तरले पराजित गर्दै बिरगंज युनाइटेड प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।



बिरगंजको जितमा खेलको ३४ औं मिनेटमा बिबेक चौधरीले फ्रिकिक मार्फत गोल गर्दै टोलीलाई सुरुवाती अग्रता दिलाएका थिए ।

खेलको ४२ औ मिनेटमा सर्लाहीले प्राप्त गरेको पेनाल्टी मार्फत समिल लामाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याएका थिए । तर बिरगंजका बिकास दर्लामीले खेलको ८१ औं मिनेटमा बिजयी गोल गर्दै बिरगंजलाई २-१ को जित दिलाए । खेलको प्लेयर अफ द म्याच बिरगंज युनाइटेडका बिकास चौधरी घोषित भए ।

कार्तिक २५ गतेसम्म संचालन हुने प्रतियोगितामा आयोजक रतनपुर युनाइटेड युथ क्लब सहित नेपाली सेनाको सबुज गण आधाभार बारा, एफसी चन्द्रपुर गैंडाटार रौतहट, जनअभियान युथ क्लब बारागढी बारा, योङ्गस्टार युनाइटेड क्लब लाल निजगढ, एभरेस्ट एकेडेमी सर्लाही, हेटौंडा फुटबल एकेडेमी मकवानपुर, बिरगंज युथ एकेडेमी र बिरगंज युनाइटेडले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको बिजेताले १ लाख रूपैयाँ प्राप्त गर्नेछ भने उपबिजेता टोलीले ५० हजार रूपैयाँ प्राप्त गर्नेछ ।



दक्षिणपश्चिम चीनको चोङकिङमा रहेको डाजु रक कार्भिङ्स (ढुंगामा कुँदिएका मूर्तिहरू)को रमणीय स्थलको अवलोकन गर्दै पर्यटक । यस वर्षको जनवरीदेखि अक्टोबरसम्म करिब १० लाख पर्यटकले यो स्थलको भ्रमण गरेको तथ्यांक छ । *तस्बिरः सिन्ह्वा*

## विषाक्त धुवाँका कारण नयाँदिल्लीमा विद्यालय बन्द

**नयाँदिल्ली–** विषाक्त धुवाँका कारण भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार विद्यालय बन्द गरिएको छ । विषाक्त धुवाँले नयाँदिल्लीका तीन करोड बासिन्दाको जीवन कष्टपूर्ण बनेको छ ।

किसानले जलाएको परालको धुवाँ, सवारीसाधनबाट निस्कने धुवाँ र कारखानाको उत्सर्जनले हरेक जाडोयाममा राजधानी नयाँदिल्लीलाई घातक धुवाँले ढाक्छ ।

अनुगमन गर्ने संस्था आइक्युएयरका अनुसार शुक्रबार सबैभन्दा खतरनाक पिएम २.५ कणहरूको स्तर विश्व स्वास्थ्य संगठनले सिफारिस गरेकोभन्दा दैनिक ३५ गुणा अधिक थियो । पिएम २.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो ।

नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले बिहीबार राजधानीका सबै प्राथमिक विद्यालय कम्तीमा दुई दिनका लागि बन्द रहने घोषणा गरेका थिए । *रासस/एएफपी*

## न्युजिल्याण्डका प्रधानमन्त्रीले तीन–दलीय गठबन्धन सरकार बनाउने

**वेलिङ्टन–** शुक्रबार अन्तिम चुनावी परिणाममा पूर्ण बहुमत हासिल गर्न असफल भएपछि न्युजिल्याण्डमा नयाँ प्रधानमन्त्री क्रिस्टोफर लक्सनले तीन-दलीय गठबन्धन सरकार बनाउने बताएका छन् ।

लक्सनको नेसनल पार्टीले गत महिना भएको निर्वाचनमा कूल १२३ सिटमा ४८ सिट हासिल गरेपछि उनलाई सरकार बनाउन अन्य पार्टीको समर्थन आवश्यक परेको छ । एयरलाइन्सका पूर्वकार्यकारी ५३ वर्षीय लक्सनले उदारवादी एसिटी र लोकप्रिय न्युजिल्याण्ड फर्स्ट पार्टीसँग सरकार गठनका लागि शनिबार र आइतबार वार्ता हुने जानकारी दिए ।

'अन्तिम स्पष्टता हुनु राम्रो हो, अब हामी तीव्रता प्राप्त गर्न सक्छौं,' गठबन्धन सम्झौतामा समय सीमा तोक्न अस्वीकार गर्दै वेलिङ्टनस्थित संसद्मा पत्रकारहरूसँग लक्सनले भने, 'हामी दुवै पार्टीसँग रचनात्मकरूपमा काम गर्नेछौं, हामी एकसाथ आउनेछौं र एउटा बलियो र स्थिर सरकार बनाउनेछौं ।'

नोभेम्बरमा सान फ्रासिस्कोमा एसिया-प्रशान्त क्षेत्रका प्रमुख नेताहरूको शिखर सम्मेलन सुरु हुनुअघि न्युजिल्याण्डमा सरकार बन्न सक्छ वा सक्दैन भन्ने स्पष्ट छैन । सरकार गठन गरेको पहिलो १०० दिनमा नेसनल पार्टीले स्कुलमा सेलफोनमाथि प्रतिबन्ध, अपराध नियन्त्रण र योजनाबद्ध इन्धनमा कर वृद्धि खारेजजस्ता परिवर्तन गर्ने वाचा गरेको छ ।

न्युजिल्याण्डका मतदाताहरूले अक्टोबर १४ मा भएको निर्वाचनमा मध्य-वामपन्थी लेबर सरकारको छ वर्षको शासनलाई अन्त्य गरेका छन् । जनवरीमा जसिन्डा अर्डर्नको स्थानमा प्रधानमन्त्री बनेका क्रिस हिपकिन्सले मतदान सकिएको केही घण्टापछि पराजय स्वीकार गरेका छन् । *रासस/एएफपी*

# दूतावास बन्द गर्नु 'नियमित मामिला' हो : उत्तर कोरिया

**सोल–** उत्तर कोरियाले दूतावास बन्द गर्ने हालैको शृङ्खला आफ्नो बाह्य सम्बन्ध सुधार गर्नका लागि 'नियमित मामिला' भएको बताएको छ । दक्षिण कोरियाले आर्थिक संकटका कारण दूतावास बन्द गरेको दावी गरेपछि उत्तर कोरियाको उक्त भनाइ आएको हो ।

सरकारी सञ्चारमाध्यम र स्थानीय अधिकारीहरूका अनुसार गत साता प्योङयाङले अफ्रिकी सहयोगी अंगोला र युगान्डामा आफ्नो दूतावास बन्द गरेको छ । त्यस्तै हङकङ र स्पेनमा पनि कूटनीतिक नियोगहरू बन्द गरेको छ ।

यसै साता आफ्ना दूतावास बन्द गर्ने उत्तर कोरियाको कदमले उसको गम्भीर आर्थिक अवस्थालाई चित्रण गरेको छ भन्दै सोलले उत्तर कोरियालाई आफ्ना परम्परागत सहयोगीहरूसँग न्यूनतम कूटनीतिक सम्बन्ध कायम राख्न पनि गार्‍हो भएको बताएको छ ।

तर शुक्रबार प्योङयाङको विदेश मन्त्रालयको वेबसाइटमा पोस्ट गरिएको टिप्पणीमा मन्त्रालयका एक अनाम प्रवक्ताले 'बाह्य सम्बन्धमा आफ्नो राष्ट्रिय हितलाई प्रवर्द्धन गर्नका लागि दूतावास बन्द गर्नु नियमित मामिलाको हिस्सा' भएको बताएका छन् ।

'अन्तर्राष्ट्रिय परिवेश र राज्यको विदेश नीतिमा आएको परिवर्तनलाई ध्यानमा राख्दै हामी अन्य देशमा कूटनीतिक नियोग बन्द गर्न गइरहेका छौं वा नयाँ खोल्न गइरहेका छौं,' कुन कुन दूतावास बन्द गर्ने वा खोल्ने भन्नेबारे स्पष्ट नभएको भन्दै ती अधिकारीले भने, 'हामीले पहिला पनि धेरै अवसरमा यस्तो कदम चालेका छौं ।'

दक्षिण कोरियाको एकीकरण मन्त्रालयका अनुसार उत्तर कोरियाको १५० भन्दा बढी मुलुकसँग कूटनीतिक सम्बन्ध छ तर आर्थिक अवरोधका कारण सन् १९९० को दशकदेखि विदेशमा उसको नियोगको संख्या घटिरहेको छ । पछिल्लो पटक आणविक हतियार सम्पन्न उत्तर कोरियाले मुलुकमा अनिकाल लागेर लाखौं मानिस मरेपछि सन् १९९० को दशकको मध्यदेखि अन्त्यसम्म उक्त स्तरमा कूटनीतिक नियोगको संख्या कम गरेको थियो । *रासस/एएफपी*

## इरानमा लागुऔषध पुनःस्थापना केन्द्रमा आगलागी, २७ को मृत्यु

**तेहरान–** उत्तरी इरानमा शुक्रबार एक लागुऔषध पुनःस्थापना केन्द्रमा भएको भीषण आगलागीमा २७ जनाको मृत्यु एको त्यहाँको न्यायपालिकाले जनाएको छ ।

'लंगारुडमा लागुऔषध पुनःस्थापना केन्द्रमा आगो लाग्दा २७ जनाको मृत्यु भएको छ र १२ जनालाई अस्पताल पुऱ्याइएको छ,' तेहरानबाट उत्तरमा गिलान प्रान्तको लंगारुड सहरको न्यायपालिकाको मिजान अनलाइन समाचार वेबाइटले प्रान्तीय मुख्यन्यायाधीश इस्माइल सादेघीलाई उद्धृत गर्दै भनेको छ । आगलागीको कारण तत्काल थाहा नभए पनि सादेघीले अनुसन्धान जारी रहेको बताए । केन्द्रमा ४० जनासम्म अटाउन सक्ने मिजानले बताएको छ ।

स्थानीय आइएसएनए समाचार एजेन्सीले आगलागीको फुटेज सार्वजनिक गरेको छ जसमा रातिको समयमा आगोले आकाश उज्यालो भएको र धुवाँको मुस्लो देखिन्छ । अन्य तस्बिरमा आगो निभाएपछि व्यापक क्षति भएका स्थलहरू देखाइएको छ । अगस्टमा तेहरानको ग्रचाण्ड बजारमा आगलागी हुँदा कयौं पसल जले पनि कुनै मानवीय क्षति भएको थिएन । त्यस्तै सन् २०१७ जनवरीमा तेहरानमा १५ तलाको प्लास्को सपिङ सेन्टरमा आगलागी हुँदा १६ अग्निशमनकर्तासहित २२ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# अस्ट्रेलियाली प्रधानमन्त्री अल्बानिज चीन भ्रमणमा

**सिड्नी–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज ऐतिहासिक भ्रमणका क्रममा चीन प्रस्थान गरेका छन् । यो भ्रमण ठूलो व्यापारिक र रणनीतिक प्रतिद्वन्द्वी चीनसँग चिसो सम्बन्ध पग्लिएको संकेत हो ।

उनको बेइजिङ र सांघाईको चारदिने भ्रमण सात वर्षमा कुनै पनि अस्ट्रेलियाली नेताको पहिलो भ्रमण हो । अर्बौं डलरको व्यापारिक नोक्सान हुनेगरी कूटनीतिक विघटन भएपछि दुई मुलुकबीचको सम्बन्ध सुदृढ स्थितिमा रहेको छ भन्ने रूपमा यो भ्रमणलाई हेरिएको छ ।

गत वर्षको मे महिनाको निर्वाचनपछि अल्बानिज सरकारले प्रशान्त क्षेत्रमा बेइजिङको बढ्दो प्रभावको सामना गर्दै आफ्नो मुलुकको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग मित्रतापूर्ण सम्बन्ध बनाउने प्रयासमा चीनसँग दोहोरो रणनीति अपनाएको छ ।



अघिल्लो सरकारले फाइभ जी प्रविधिको हुआवेईमाथि प्रतिबन्ध लगाउने र कोभिड-१९ को उत्पत्तिको अनुसन्धान गर्ने आह्वान गरेपछि आक्रोशित चीनले सन् २०२० मा अस्ट्रेलियाली सामानहरूमा दण्डात्मक भन्सार शुल्क लगाएको थियो । तर अस्ट्रेलियाको नयाँ सरकारअन्तर्गत स्वरमा परिवर्तनसँगै तीमध्ये अधिकांश अवरोधहरू हटाइयो ।

'चीन-अस्ट्रेलिया सम्बन्ध अब स्थापना हुने र पुनः सुरु हुने महत्त्वपूर्ण मोडमा छ,' अस्ट्रेलियामा चीनका राजदूत जिओ कियानले प्रधानमन्त्री अल्बानिजको भ्रमणअघि एक लेखमा भने । उनले 'दुवै पक्षको अथक प्रयास'बाट चिनियाँ बजारमा अस्ट्रेलियाली कोइला, काठ र जौको निर्यात पुनः सुरु भएकामा सराहना व्यक्त गरे ।

चीनले पाँच महिनाको समीक्षापछि वाइनमाथि लगाइएको भन्सार शुल्क दरलाई पनि हटाउने संकेत दिएको छ । चीनले अहिले पनि आयातमाथि रोक लगाइएका केही उत्पादनमा वाइन पनि एक थियो ।

चीनसँग सहज कूटनीतिक र व्यापारिक सम्बन्ध सुरु भए पनि दुवै मुलुक रणनीतिकरूपमा एकजुट नभएको प्रधानमन्त्री अल्बानिजले स्पष्ट गरेका छन् । गत महिना वासिङ्टन भ्रमणका क्रममा उनले भने, 'यो विषयमा मेरो स्पष्ट भनाइ छ, हामी भिन्न इतिहास, मूल्य र राजनीतिक प्रणाली भएका दुई मुलुक हौं ।' चीनले स्वयंलाई 'यथास्थिति'को पक्षमा एक शक्तिका रूपमा नहेरेको भन्दै उनले भने, 'ऊ आफ्नो रुचिको मूल्यहरूप्रति अधिक अनुकूल हुने क्षेत्र चाहन्छ ।'

अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थाबाट लाभान्वित हुने प्रत्येक मुलुकको जिम्मेवारी भनेको उसले यसको रक्षाका लागि मिलेर काम गर्नुपर्छ भन्दै प्रधानमन्त्री अल्बानिजले प्रत्येक मुलुकलाई आफ्नो भाग्य चयन गर्ने अधिकारको रक्षा गर्न र मानवअधिकारलाई कायम राख्न आह्वान गरे । *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THROWBACK CLOTHES & TRADING

पूर्व स्वीकृति मिति २०८०/०७/१७ LT. No. 294540 चलानी नं. ६०२०९७८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 2 | 1300 | ४७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २५ गते (11th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७ **HYHIRE INTERNATIONAL PVT. LTD.**

(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP ONE BUILDING SECURITY

पूर्व स्वीकृति मिति २०८०/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१७ LT. No.285276 चलानी नं. ६०२००७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 25 | 5 | 1200 | ४३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० कार्तिक २५ गते (11th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLD COLD TRANSPORT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१७ LT. No.278709 चलानी नं. ६०१९४२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 2 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २५ गते (11th Nov. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASHRAF ISSA ALI AL-BADEN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०७/१४ LT. No. 294237 चलानी नं. ६०२०९७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ४ गते (20th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११५००० | प्रति तोला – ११४४५० | प्रति तोला – १३८५ |

# नेपाललाई सघाउने विकास साझेदारको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको विकासमा सक्रिय १६ विकास साझेदारले यहाँको सामाजिक-आर्थिक उन्नयनमा सघाउने प्रतिबद्धता व्यक्त गरेका छन् । हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) बमोजिम उच्च प्राथमिकता प्राप्त लगानी र नीतिहरूको कार्यान्वयनमा नेपाललाई सहयोग गर्नका लागि वित्तीय तथा प्राविधिक सहायता एकीकृत एवं विस्तार गर्न विकास साझेदारहरू सहमत भएका छन् ।

विश्व बैंक र अन्य विकास साझेदारहरूको सहकार्यमा अर्थ मन्त्रालयद्वारा बिहीबार आयोजित उच्चस्तरीय कार्यक्रममा नेपालको ग्रिड रणनीतिक कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा एक संयुक्त वक्तव्यलाई अनुमोदन गरिएको छ । सरकार, विकास साझेदार, नागरिक समाज सङ्गठन, निजी क्षेत्रका सरोकारवाला र प्रबुद्ध वर्गहरूले समेत नेपालका ग्रिड प्राथमिकताहरूमा हुने वित्तीय लगानी र कार्यान्वयनलाई निरन्तरता दिन संस्थागत एवं क्षेत्रगत तहमा रहेर काम गर्ने पुनः प्रतिबद्धता व्यक्त गरेका हुन् ।

'नेपालमा हामीले आपतहरू सहन सक्ने, हाम्रो वातावरणको संरक्षण गर्ने र हाम्रा जनताको जीवनस्तर उकास्न सक्ने हरित, थप उत्थानशील र थप समावेशी अर्थतन्त्र निर्माण गर्ने दृष्टिकोणका रूपमा ग्रिडको अवधारणालाई मनन गरेका छौं', अर्थमन्त्री डा. प्रकाशशरण महतले भने, 'विकास र रोजगारी सृजनालाई गति दिन, जीविकोपार्जनलाई बलियो बनाउन र दिगो रूपमा नेपाली जनताको समृद्धिलाई बढावा दिन नयाँ ग्रिड रणनीतिक कार्य योजना एक नीतिगत माध्यम हुन सक्छ ।'

ग्रिड रणनीतिक कार्ययोजनाका लागि प्राप्त हुने बाह्य लगानीअन्तर्गत अनुदान र अन्य सहूलियतपूर्ण वित्तीय लगानीहरू जस्तै सहूलियतपूर्ण ऋण, र कार्बन वित्तजस्ता नवीनम वित्तीय लगानी रहेका छन् । बाह्य वित्तीय लगानी नेपालको सार्वजनिक बजेटको पूरकका रूपमा रहनेछ र यसले विदेशी र स्वदेशी निजी क्षेत्रको लगानीलाई समेत लाभान्वित गराउने लक्ष्य लिएको छ ।

ग्रिड रणनीतिक कार्ययोजनाले १० वटा प्राथमिकताप्राप्त कार्यहरू पहिचान गरेको छ । यसमा थप उत्थानशील पूर्वाधार, परिस्थितिकी प्रणाली, र खाद्य प्रणालीका लागि भूमि, जल र वनलाई अझ बढी उत्पानदशील, दिगो र एकीकृत रूपमा व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ ।

सहरी विकासलाई हरित बनाउने, खानेपानी र सरसफाई विस्तार गर्ने, वायु प्रदूषण न्यूनीकरण र फोहोरमैला व्यवस्थापन गर्ने, नवीकरणीय ऊर्जालाई बढावा दिने, यातायातको दिगोपना र उत्थानशीलता अभिवृद्धि गर्ने विपद् जोखिम व्यवस्थापनलाई सुदृढ बनाउने र आघातप्रति थप उत्तरदायी बनाउन सामाजिक सुरक्षा एवं स्वास्थ्य प्रणाली अभिवृद्धि गर्ने विषयहरू समावेश छन् । विश्व बैंककी कार्यसञ्चालन प्रबन्ध निर्देशक अन्ना जेर्डले दिगो, उत्थानशील र समावेशी अर्थतन्त्रतर्फ रणनीतिक कदम चाल्न सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरिन् ।

# माथिल्लो अरुणको निर्माण अगाडि बढाइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने १ हजार ६१ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजनाको निर्माण अगाडि बढाउन उच्चतहको प्रतिबद्धता जनाइएको छ ।

अर्थमन्त्री डा.प्रकाशशरण महत, ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री शक्ति बहादुर बस्नेत, सफुवासभाका संघीय सांसद दिपक कार्की, ऊर्जा सचिव दिनेशकुमार घिमिरे, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजनामा लगानीका लागि अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व गरिरहेको विश्व बैंककी प्रबन्ध-निर्देशक आना वियर्डे, एशियाली विकास बैंक (एडिबी) का महानिर्देशक रमेश सब्रमण्यमसहितको टोलीले शुक्रबार आयोजनास्थलको निरीक्षण भ्रमण गरेको थियो ।

भोटखोला गाउँपालिका-४ छोग्राङमा आयोजना गरिएको कार्यक्रममा अर्थ मन्त्री महतले माथिल्लो अरुण जलविद्युत आयोजना देखिने गरी कार्यान्वयनको चरणमा पुग्न लागेको बताए । स्रोतको सीमितता भएता पनि माथिल्लो अरुणलाई कार्यान्वयनको चरणमा लैजान राम्रो बजेट विनियोजन गरिएको उल्लेख गर्दै मन्त्री महतले स्रोतको अभावमा आयोजना अगाडि बढाउन नसक्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाए । लगानीका लागि स्थानीयले चहिएजति सेयर पाउने बताउँदै पूर्वऊर्जा मन्त्रीसमेत रहनु भएका महतले देशका लागि अत्यन्त महत्वपूर्ण आयोजना अब लगानी जुटाउने तहमा पुगेको उल्लेख गरे ।

'आयोजनामा लगानीका लागि विश्व बैंकले विशेष जासो देखाएको छ, उसले नै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई सहभागी गराएर लगानी जुटाउन खोजिरहेको छ,', महतले भने, 'विश्व बैंकको वार्षिक बैठक र द्विपक्षीय छलफलका क्रममा आयोजनालाई लगानी योग्य बनाउन अनुदानसहित सहुलितपूर्ण ऋणमा जोड दिएका छौं, जतिसक्दो छिट्टो लगानी जुटाएर निर्माण अगाडि बढाउन सकारको सम्पूर्ण सहयोग रहने छ ।'

ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री बस्नेतले जलस्रोतलाई समृद्धिको रूपमा उपभोग गर्न अहिले बलियो आधार र समय आएको उल्लेख गर्दै माथिल्लो अरुणजस्ता आयोजना तत्काल अगाडि बढाउन सरकार तत्पर र प्रतिबद्ध रहेको बताए । 'प्रवेश सडक निर्माणमा रुख कटानको समस्या रहेको जानकारी आएको छ, अदालतको आदेशअनुसार मन्त्रिपरिषद्बाट कार्यविधि बनाएर रुख कटाउनको समस्या छिट्टै समाधान गर्दैछौं', मन्त्री बस्नेतले भने, 'स्थानीयलाई आयोजनाको हिस्सेदार बनाउने मोडालिटीमा तत्काल अगाडि बढाउँछौं ।'

विश्व बैंककी प्रबन्ध-निर्देशक वियर्डेले नेपाल आएदेखि माथिल्लो अरुणका विषयमा छलफल भइरहेकाले उत्पादित विद्युत् देशभित्र खपत र निर्यातका लागि महत्वपूर्ण रहेको बताउनुभयो । आयोजना अगाडि बढाउन स्थानीयलगायत सबै पक्ष आतुर रहेको आफूले पाएको उल्लेख गर्दै उहाँले सबै पक्षलाई फाइदा हुने गरी आयोजनामा लगानी गर्न बैंक तयार रहेको बताए ।

निर्माण अवधिको ब्याज, मूल्यबृद्धिलगायतसहित १ अर्ब ७५ करोड अमेरिकी डलर (करिब २ खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइने छ । प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनालाई 'ब्लेन्डेड फाईनान्सिङ'(मिश्रित लगानी)को नमुना परियोजनाको रूपमा अगाडि बढाउने तयारी गरिएको छ। यसका लागि आयोजनामा आयोजनामा नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लाबासी, देशभरीका सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय वहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहनेछ ।

विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ७५ करोड डलर सहुलितपूर्ण ऋण जुटाइने छ । यसमध्ये विश्व बैंकले ५० करोड डलर सहुलितपूर्ण ऋण प्रवाह गर्नेछ । ४० करोड डलर स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ । यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी (एचआइडिसिएल)को नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ ।

करिब ६४ अर्ब रूपैयाँ इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक सेयरबाट र ४९ प्रतिशत सर्वसाधारण शेयरबाट संकलन गरिने छ । जनताको जलविद्युत कार्यक्रममा समावेश माथिल्लो अरुणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला संखुवासभाका स्थानीय तह, नेपाल विद्युत प्राधिकरणलगायतका संस्थापक सेयर रहने छ। आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारण लगायतको ४९ प्रतिशत साधारण सेयर रहने छ । करिब ३२ अर्ब रूपैयाँ सर्वसाधारण सेयर निश्कासन गरी संकलन गरिनेछ ।

सन् २०२४को जुनभित्र आयोजनाको वित्तीय व्यवस्थापन र सन् २०२५को मध्यबाट निर्माण सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको छ। आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई टेण्डर डिजाइन तथा निर्माण सुपरीवेक्षणका लागि परामर्शदाता छनोट भइसकेको छ । आयोजनाको पूर्व तयारीमध्ये २ किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर प्रवेश सडक निर्माण सुरु भएको छ।

आयोजनालाई आवश्यक पर्ने २ हजार २५ हेक्टर निजी जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण भइसकेको छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिक रूपमा विस्थापित हुने छन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभावहरू तुलनात्मक रूपमा न्यून रहने अध्ययनले देखाएको छ ।

आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका ६ महिनामा दैनिक ६ घण्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ। आयोजनाबाट वार्षिक ४ अर्ब ५१ करोड युनिट ऊर्जा उत्पादन हुने छ ।

## कर्पोरेट

# महालक्ष्मी विकास बैंकद्वारा आर्किड गार्डेनलाई सहयोग



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पिछडिएका बालबालिकाहरूको अधिकार, कल्याण र स्वास्थ्य सुरक्षित गर्ने मुख्य उद्देश्यले स्थापित आर्किड गार्डेन नेपाल परियोजनालाई सफल बनाउन राउण्ड टेबल नेपालसँग समन्वय गरी आर्थिक सहयोग प्रदान गरेको छ ।

विगत १७ बर्ष देखि पिछडिएका बालबालिकाहरूलाई दिवा स्याहार तथा शिक्षा प्रदान गरिरहेको बाल विद्यालयको हालको अवस्था अत्यन्त नाजुक रहेकोले विद्यालयको अवस्था सुधार गरी बालबालिकाको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले बैंकले रु. ५०,०००/- को आर्थिक सहयोग गरेको हो । विद्यालय ग्राउन्ड सतह भन्दा करिब ४ फिट तल रहेको, बर्षायाममा कक्षा कोठामा बाढी पस्ने कारणले विद्यालय बन्द गर्नुपर्ने र सरकारी प्राधिकरणबाट विद्यालय सुधारका लागि सूचना समेत आइसकेकोले आर्किड गार्डेन नेपाल परियोजना अन्तर्गत रहि विद्यालय सुधार गर्न लागिएको जनाइएको छ । आगामी दिनहरूमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ ।

# नेपाल एसबिआई बैंकका कर्मचारीले गरे प्रतिज्ञा



**काठमाडौं (प्रस)–** नेपाल एसबीआई बैंकका कर्मचारीले 'सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण दिवस' को अवसरमा बैंकको सेवाहरू, माध्यमहरू र खाताहरू सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी वा अन्य गैरकानुनी प्रयोजनका लागि दुरूपयोग हुनबाट बचाउन उच्चतम एएमएल-सीएफटी प्रावधान ग्रहण एवं पालना गर्नको लागि प्रतिज्ञा गरेका छन् । नेपाल एसबिआई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत राजेश कुमार पंडा र प्रमुख जोखिम तथा अनुपालन अधिकृत विष्णुदेव यादवले, प्रमुख संचालन अधिकृत यादवेंद्र कांत, प्रमुख कर्जा अधिकृत अर्जुन नेपाल र अन्य पदाअधिकारीहरूको उपस्थितिमा बैंकका सम्पूर्ण कर्मचारीहरूलाई उक्त प्रतिज्ञा गराइएको थियो ।

# राष्ट्र बैंक र महासंघबीच सम्झौता

**काठमाडौं (प्रस)–** वृहत् आर्थिक नीति निर्माण र औद्योगिक एवं व्यवसायिक वातावरण सुदृढ बनाउन नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासङ्घबीच सझदारी भएको छ । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र महासङ्घ अध्यक्ष चन्द्रप्रसाद ढकालगायत पदाधिकारीको उपस्थितिमा राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र महासङ्घका महानिर्देशक गोकर्णराज अवस्थीले हस्ताक्षर गरे ।

सहमतिअनुसार राष्ट्र बैंक र महासङ्घले विविध विषयमा तथ्य र तथ्याङ्कमा आधारित अध्ययन अनुसन्धान गर्नेछन् । यस सम्झौताले राष्ट्र बैंक र महासङ्घबीच हातेमालो गर्ने अवसर सिर्जना गरेको र आगामी दिनमा नीति निर्माणमा निजी क्षेत्रको सहभागिता बढ्ने गभर्नर अधिकारीले विश्वास व्यक्त गरे । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रसँग केन्द्रीय बैंकको सहकार्यका लागि धन्यवाद दिँदै आगामी दिनमा वास्तविकतामा आधारित नीति निर्माण गर्न सहयोग पुग्नेमा विश्वास व्यक्त गरे ।

नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवम् क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ ।

त्यसैले,
सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ